# परोहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लौकाहा,रौतहट
२ नं.प्रदेश, नेपाल

पत्र संख्या :-२०७५।०७६
चलानी नं :- ४२३
प्राप्त पत्र संख्या र मितिः-

मिति :-२०७५।०८।१३

**विषयः- करार सेवामा सहयोगी शिक्षक आवश्यक्ता सम्बन्धी सूचना ।**
(प्रथम पटक सूचना प्रकाशित मितिः-२०७५/०८/१३)

परोहा नगरपालिकाबाट "विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यविधि,२०७५" पारित भई सोही कार्यविधि वमोजिम परोहा नगरपालिकाबाट आ.ब. २०७५/०७६ मा अनुमोदित वार्षिक नीति,कार्यक्रम तथा वजेट अनुरुप परोहा नगरपालिका क्षेत्रमा संचालित विभिन्न सामुदायिक विद्यालयहरुमा करार सेवामा देहायका सहयोगी शिक्षकहरुको पदपूर्ति गर्नु पर्ने भएकोले ईच्छुक योग्य नेपाली नागरिकहरुलाई दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस कार्यालयको वेबसाईट parohamun.gov.np बाट डाउनलोड गरी वा शिक्षा शाखावाट प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुनेछैन ।

तपसिल

| क.स | विज्ञापन नं | पद | विषय | पद संख्या | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | खुल्ला | महिलाा | | | जम्मा | |
| १ | ०१-०७५/०७६ | प्रा.शि. | साधारण | १७ | ८ | | | २५ | |
| २ | ०२-०७५/०७६ | प्रा.शि. (प्रा.) | कम्प्युटर विज्ञान | ३ | २ | | | ५ | |

१. परीक्षाको किसिम :- साधारणको लागि लिखित र अन्तरवार्ता तथा कम्प्युटर विज्ञानको लागि लिखित,कम्प्युटर प्रयोगात्मक र अन्तरवार्ता ।
२. परीक्षा केन्द्रः- परोहा नगरपालिका अन्तरगत श्री ब्रहम ज्योती मा.वि. लौकाहा ।
३. न्यूनतम योग्यता :- शिक्षा विषयमा प्रविणता प्रमाण पत्र तह(+२) वा सो सरह उतिर्ण ( नेपाल वाहिर अध्ययन गरेका उम्मेदवारहरुले त्रिभुवन विश्वविद्यालय/पाठ्यक्रम विकास केन्द्रवाट समकक्षता प्रमाणित गरेको कागजातका साथै शैक्षिक प्रमाणहरु पेश गर्नुपर्नेछ ।)
४. कम्प्युटर विज्ञान शिक्षकको हकमा न्यूनतम योग्यता :-यस पदमा आवेदन दिने उम्मेदवारले सम्वन्धित विषयमा तोकिएको शैक्षिक योग्यता प्राप्त नगरेको भएतापनि कम्तीमा SLC/SEE उत्तिर्ण गरी मान्यता प्राप्त शैक्षिक संस्थावाट कम्तीमा ६ महिने कम्प्युटर फण्डामेण्टलस्, विण्डोज,अफिस प्याकेज,हार्डवेयर एण्ड नेटवर्किङ्ग,डाटावेस,प्रोग्रामिङ्ग सम्वन्धि कम्प्युटर तालिम लिएको हुनु पर्ने छ साथै **कम्प्युटर विज्ञान शिक्षक वाहेकका लागि अध्यापन अनुमति पत्र अनिवार्य गरिएको छ ।**
५. दरखास्तको माध्यमः-ईच्छुक आवेदकले तोकिए बमोजिमको परीक्षा दस्तुर वापतको रकम तोकिएको मितिमा तिरेको बैंक दाखिला भौचर वा नगदी रसीद सहित हाल सालै खिचिएको पासपोर्ट साईजको फोटो ३, व्यक्तिगत विवरण, आफुले प्राप्त गरेको शैक्षिक प्रमाणपत्रहरु, नेपाली नागरीकता तथा अध्यापन अनुमति पत्रको फोटोकापीहरु उम्मेदवार स्वयले प्रमाणित गरी रितपूर्वकको आवेदन फारम भरी यस कार्यालयमा उपस्थित भई आवेदन दिनु पर्नेछ ।
६. उम्मेदवारको उमेरको हदः- दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
७. दरखखस्त दिने अन्तिम मितिः- २०७५/८/२७ सम्म सो दिन विदा परे सोको भोलि पल्ट वा कार्यालय खुलेको पहिलो दिन ।
८. **दरखास्त दस्तुरः- रु १००।०० (रु एक सय) मात्र ।**
९. दरखास्त वुझाउने स्थानः- परोहा नगरपालिकाको कार्यालय शिक्षा शाखा लौकाहा , रौतहट ।
१०. स्वीकृत आवेदकको नामावली प्रकाशनः- दरखास्त दिने अन्तिम मितिको भोली पल्ट ।
११. लिखित परीक्षा मितिः- स्वीकृत आवेदकको नामावली प्रकाशनका दिन सूचना प्रकाशन गरिनेछ ।
१२. प्रयोगात्मक तथा अन्तरवार्ता मिति :-लिखित परीक्षाको नतिजा प्रकाशन हुदां बखत सूचना प्रकाशन गरिनेछ ।
१३. तलबः- परोहा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।
१४. परीक्षाको पाठ्यक्रम :- शिक्षक सेवा आयोगको प्रचलित मापदण्ड बमोजिम हुनेछ ।
१५. **स्थानिय नगरवासी, अनुभवी, दलित, अपाङ्ग लाई विषेश प्राथमिक्ता दिईने छ ।**

देवनाथ यादव
प्रमुख प्रशासकिय अधिकृत

पुनश्चः- थप जानकारीको लागि ९८५५०४०२०३ (नगर प्रमुख), ९८५५०४४०२३ (प्रमुख प्रशासकीय अधिकृत), ९८४५३८३२२०(शिक्षा शाखा)मा सम्पर्क गर्न वा यस कार्यालयको वेबसाईट parohamun.gov.np बाट हेर्न सकिनेछ ।

Scanned by CamScanner